मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : १० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ मंसीर ११ गते आइतबार (Sunday, November 27, 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## दुई मोटरसाइकल ठोक्किएपछि...

**झापा, मंसीर १०।** झापा-६ बस्ने २८ वर्षीय वीरेन्द्र श्रेष्ठलाई अवैध लागूऔषध गाँजा करिब १ केजी ५ सय ग्रामसहित प्रहरीले पक्राउ गरेको छ।

कनकाई नगरपालिका-१स्थित सडकमा मे.११ प २००३ नम्बरको मोटरसाइकल र प्र.१.-०१-०१३ प १६८६ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाई दुर्घटना भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरीले प्र.१.-०१-०१३ प १६८६ नम्बरको

(बाँकी अन्तिम पृष्ठमा)

## संसदमा स्वतन्त्रको यात्रा

**झापा, मंसीर १०।** मुलुकका प्रमुख राजनीतिक शक्तिले निर्वाचनको परिणाम आफ्नो पक्षमा ल्याउन गठबन्धन गरे तापनि केही निर्वाचन क्षेत्रमा गठबन्धनलाई पछि पार्दै स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।

प्रतिनिधिसभा र प्रदेशसभाको जारी मतगणनामा हालसम्म प्रतिनिधिसभामा पाँच र प्रदेशसभामा १२ स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।

प्रतिनिधिसभातर्फ मोरङ ५मा योगेन्द्र मण्डल, सर्लाही ४ मा अमरेशकुमार सिंह, रौतहट २मा किरणकुमार साह, रौतहट ३ मा प्रभु साह र बर्दिया २मा लालवीर चौधरी निर्वाचित भएका छन्। प्रदेशसभातर्फ मधेस प्रदेशमा सबैभन्दा बढी छ जना स्वतन्त्र उम्मेदवार बिजयी भएका छन्। लुम्बिनीमा तीन, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक/एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ।

मधेसको सप्तरी २मा अनिरुद्रकुमार सिंह, महोत्तरी २ मा सरिताकुमारी साह, सर्लाही १मा जवाहरलाल कुशवाहा, रौतहट १मा केशव राय, बारा १मा शारदा शङ्करप्रसाद कलवार र पर्सा १मा प्रमोदकुमार जयसवाल निर्वाचित भएका छन्। गण्डकीको मनाङ २मा राजीव गुरुङ, लुम्बिनीको रुकुमपूर्व १मा सुरल पुन, रोल्पा २मा दीपेन्द्रकुमार पुन मगर, नवलपरासी (बर्दघाट सुस्तापश्चिम) १ मा खड्ग बस्नेत, कर्णालीको जुम्ला १मा देवेन्द्रबहादुर शाही तथा सुदूरपश्चिमको डडेलधुरा २मा ताराप्रसाद जोशी निर्वाचित भएका छन्।

वि.सं. २०७४ सालको निर्वाचनमा प्रतिनिधिसभामा एक तथा प्रदेशसभामा तीन वटा प्रदेशमा एक/एक जना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए। प्रदेश नं. १, मधेस र गण्डकीमा एक/एक जना स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका थिए।

लोकतान्त्रिक मुलुकमा राजनीतिक दल नै निर्णायक शक्ति भए पनि मुलुकको निर्वाचनको इतिहासमा स्वतन्त्र उम्मेदवारको उपस्थित पनि निरन्तर रहेको देखिएको छ। मुलुकमा प्रजातन्त्रको पुनः बहालीपछि आमनिर्वाचन २०४८ देखि हालसम्मका निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारको उपस्थिति रहँदै आएको देखिएको छ। वि.सं. २०४८को

(बाँकी अन्तिम पृष्ठमा)

# सानालाई 'थ्रेसहोल्डकै सकस'

## झापामा अधिकांश उम्मेदवारको जमानत जफत



**झापा, मंसीर १०।** गतआइतवार प्रतिनिधि र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भयो।

आमनिर्वाचनमा धेरैको चासो पहिलो हुने निर्वाचित प्रणाली अर्थात् प्रत्यक्ष निर्वाचनमा हुने गर्दछ। त्यसको मत पारिणाम समेत सार्वजनिक भयो। अहिले झापाका केही निर्वाचन क्षेत्रमा बाहेक अधिकांश क्षेत्रको समानुपातिक तर्फको मत गणना भइरहेको छ।

झापामा 'हेभिवेट'का उम्मेदवारहरुबीच प्रतिष्पर्धा भएका कारण पनि निर्वाचनलाई निक्कै महत्वका साथ हेरिएको थियो। तर, केही 'हेभिवेट' उम्मेदवारहरु नै पराजित भएसँगै अहिले सबैको ध्यान समानुपातिकतर्फको मत गणना र अन्य सानादलको उपस्थितिका विषयमा गएको छ। समानुपातिकमा देशैभरमा एउटै निर्वाचन क्षेत्र मानेर मत संकलन हुने भएकोले दल र उम्मेदवारहरूले समानुपातिक निर्वाचन प्रणालीलाई कम प्राथमितामा राख्छन्। तर, राष्ट्रिय मान्यता प्राप्त दल बन्नका लागि समानुपातिकको भूमिका प्रत्यक्ष जस्तै हुन्छ।

राष्ट्रिय मान्यता प्राप्त दल बन्नका लागि 'कूल सदर मतको तीन प्रतिशत मत ल्याउनै पर्छ। त्यस्ता दलको निर्वाचन आयोगले सूची तयार गर्ने र सोही आधारमा दलहरूले पाएको मत र सोही मतको आधारमा दलहरूले निर्वाचित हुने उम्मेदवार संख्या तय हुने व्यवस्था छ।

प्रतिनिधिसभामा कम्तीमा कूल सदर मतको तीन प्रतिशत र प्रदेशसभामा सदर मतको कम्तीमा १.५ प्रतिशत मत ल्याउनेको मात्र समानुपातिकको निर्वाचन प्रणालीतर्फ निर्वाचित हुनको लागि योग्यता पुग्ने गर्दछ। अर्थात् तीन र १.५ प्रतिशतको 'थ्रेसहोल्ड' पार नगर्ने दलहरूले क्रमशः प्रतिनिधिसभा र प्रदेशसभामा समानुपातिकबाट संसदमा प्रतिनिधित्व गर्न पाउने छैनन्। थ्रेसहोल्ड पार नगरेमा दलहरूले पाएको मत खेर जानेछ। उनीहरूले पाउने प्रतिनिधिसभा सदस्य संख्या ठूला दलहरू वा थ्रेसहोल्ड पार गर्ने दलहरूमा जानेछ। यसपटक निर्वाचनमा सहभागी भएका दलमध्ये धेरै दलले 'थ्रेसहोल्ड' नै पार गर्न सकेनन्।

झापाबाट प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि २४ दल सहभागी बनेका थिए। प्रदेशसभा सदस्यका लागि १९ दलले भाग लिएको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीकुमार नेपालले जानकारी दिए।

प्रतिनिधिसभा सदस्यका लागि झापाबाट ९८ जनाले प्रतिष्पर्धा गरेका थिए। प्रदेशसभाका लागि ९४ जनाको प्रतिष्पर्धा थियो। प्रतिष्पर्धामा स्वतन्त्र सहितका व्यक्ति र पार्टीले सहभागिता जनाएका थिए। झापामा निर्वाचनमा सहभागी साना दलका उम्मेदवारसहित धेरैजसो स्वतन्त्र उम्मेदवारको जमानत समेत जफत भयो। अर्थात् कूल सदर मतको १० प्रतिशत मत पनि उनीहरुले नपाउँदा उम्मेदवारको जमानत जफत भएको हो।

झापाा क्षेत्र नम्वर १मा प्रतिनिधिसभाका लाीग १५ जनाको उम्मेदवारी रहेको थियो। जसमा राष्ट्रिय मान्यता प्राप्त दल नेपाली कांग्रेस, नेकपा एमालेका उम्मेदवारबीच मुख्य प्रतिष्पर्धा रह्यो। केही महिनाअघि मात्रै दर्ता भएको राष्ट्रिय स्वतन्त्र पार्टी र मंगोल नेशनल अर्गनाइजेशन बाहेकका अन्य उम्मेदवारले ५०० मत समेत प्राप्त गर्न नसक्दा उनीहरुको जमानत जफत भएको हो। यता प्रदेशसभा सदस्यमा पनि अवस्था उस्तै छ।

झापा १मा प्रतिनिधिसभा सदस्यका लागि राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार ओमनाथ भण्डारीले तेस्रो स्थानमा मत प्राप्त गर्दा सबैभन्दा कम मत स्वतन्त्र उम्मेदवार केन्द्रकुमारी दाहालले १४ मत मात्रै पाएकी थिइन्। कम मत पाउने उनी मात्र होइन नेपाल जनता पार्टीका रामकुमार काफ्लेले २७, जनसमाजवादी पार्टीका उम्मेदवार रमेश बास्तोलाले ४६ मत पाएका छन् भने राष्ट्रिय जनमुक्ति पार्टीका उम्मेदवार चित्रहाङ्ग जवेगूले ४८ मत मात्रै पाए। जबकि उनीहरुले प्रतिनिधिसभा सदस्यको जितको दावी गर्दै उम्मेदवारी दिएका थिए। तर, मतदाताले नपत्याउँदा उनीहरुले ५० मत भन्दा तल मत प्राप्त गरेका हुन्।

प्रतिनिधिसभातर्फ ५० मत नकटाउने झापा क्षेत्र नम्वर २मा दुई जना छन्। नेपाल मजदुर किसान पार्टीका महेन्द्र खायमलीले १४ र स्वतन्त्र उम्मेदवार खेमराज दाहालले २० मत प्राप्त गरे। त्यस्तै जनसमाजवादी पार्टीका उम्मेदवार कृष्णकुमार गौतम अर्का स्वतन्त्र उम्मेदवार चेतकुमार खनालले ८० मात्र मत प्राप्त गरे। अर्थात् उनीहरुले एक सय मत समेत कटाउन सकेनन्।

यो निर्वाचन क्षेत्रका लागि १८ जनाको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी परेको थियो। उम्मेदवारी दिएकामध्ये राष्ट्रिय स्वतन्त्र पार्टीका रुद्रप्रसाद गिरीले चौथो धेरै मत प्राप्त गरेका छन्। उनले ८ हजार ७ सय ८१ मत प्राप्त गरे भने संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी उम्मेद्वार रेश्मा चेम्जोङले जमानत समेत जोगाउन सकिनन्। किनकि उनले ७६२ मत मात्रै प्राप्त गरिन्।

त्यस्तै मंगोल नेशनल अर्गनाइजेशनका अक्कल बहादुर तामाङले ६४८, नेपाली कांग्रेस वीपीका नारायणबहादुर भारतीले ४४६, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका त्रिनारायण राजवंशीले

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेसमा प्रधानमन्त्रीका आकांक्षी धेरै

**काठमाडौं, मंसीर १०।** जारी मतगणनाबाट सत्तारूढ गठबन्धनको पक्षमा बहुमत पुग्ने प्रष्ट मार्गचित्र देखा नपर्दै सत्ताको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसभित्र कैयौँ वरिष्ठ नेताहरूले प्रधानमन्त्री पदमा दाबी गरेका छन्।

पछिल्लोपटक उक्त पदमा दाबी गर्नेमा पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल पनि पर्छन्। उनले अहिलेकै गठबन्धनमा रहेका दलहरूको नेतृत्वमा सरकार बन्ने र बहुमत नपुग्ने अवस्था आए अन्य दलहरूको पनि समर्थन जुटाउने बताए।

त्यसका लागि आफूले संसदीय दलको चुनाव लड्ने र प्रधानमन्त्री पदमा दाबी गर्ने उनले बताए। उनी भन्छन्- 'राष्ट्रलाई मेरो आवश्यकता छ। मैले देशलाई योगदान पुऱ्याउनुछ। अब यो अवस्थामा केही गरी छाडौँ भन्ने मेरो सोच हो। उनले थपे- मेरो यत्रो क्षमता र अनुभवलाई उपयोग गर्न नै पाइएन। अब देशमा मेरो परीक्षण हुनुपर्छ। उनी तनहुँ जिल्लाको क्षेत्र नम्बर १ बाट



प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्।

**अरू दाबेदार को–को ?**

नवलपुर १ बाट निर्वाचित भएपछि कांग्रेसका पूर्व महामन्त्री शशाङ्क कोइरालाले आफूले पनि संसदीय दलको नेतामा दाबी गर्ने प्रतिक्रिया दिएका छन्।

(बाँकी अन्तिम पृष्ठमा)

## बुद्धशान्तिमा बर्खा प्रतिष्ठान

**झापा, मंसीर १०।** आपतविपत् परेकाहरुलाई सहयोग गर्ने साथै बालबालिकाहरुको शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रमा कार्य गर्ने उद्देश्यले बुद्धशान्तिमा बर्खा स्मृति प्रतिष्ठानको उद्घाटन भएको छ।

माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाको प्रमुख आतिथ्यमा शनिबार रामजानकी मन्दिरमा आयोजित कार्यक्रमकाबीच उक्त प्रतिष्ठानको उद्घाटन गरिएको हो।

प्रतिष्ठानका अध्यक्ष मदनकुमार प्रसाईको अध्यक्षता, माइती नेपालकी संस्थापक अध्यक्ष कोइरालाको प्रमुख आतिथ्य साथै जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख, तीनवटै सुरक्षा निकाय झापाका प्रमुख लगायत विभिन्न सामाजिक व्यक्तिको उपस्थितिमा ७० लाख पुँजी रहेको उक्त प्रतिष्ठानको उद्घाटन गरिएको थियो।

(बाँकी अन्तिम पृष्ठमा)

## इलाम १मा पुनः मतदानको माग





**झापा, मंसीर १०।** नेकपा एकीकृत समाजवादी पार्टीका नेता तथा इलाम क्षेत्र नम्बर १बाट प्रतिनिधिसभाका लागि उम्मेदवार झलनाथ खनालले मतगणना बहिष्कार गरेका छन्।

उनले चुनावमा धाँधली भएको भन्दै मतगणना बहिष्कार गरेका हुन्। आफ्नो क्षेत्रमा पुनः मतदान गर्न उनले माग गरेका छन्। शुरुदेखि नै मतगणनामा गडबड भएको खनालको आरोप छ। जारी मतगणनामा खनाललाई एमालेका महेश बस्नेतले ३ हजार मतले पछि पारेका छन्।

मतगणनाका क्रममा शुरुमै ५ सय मत गायब भएको पाइएपछि आफूले त्यसमा बिरोध जनाएर फेरि मतदान गर्नुपर्ने मागसहित औपचारिक धारणा सार्वजनिक गर्ने उनले बताएका थिए।

'शुरुमै खसेकोमध्ये ५ सय मत गायब भएको पाइएपछि मैले बिरोध जनाएको हो। खसेकोभन्दा धेरै गणना कसरी भयो ?'- उनले भने- 'अरु कसैले त त्यहाँ राखेको होइन होला ? मैले शुरुदेखि नै भनेको छु, यहाँ धाँधली भएको छ।' खनालले शनिबार गणना भएको ६ वटा केन्द्रको मतपेटिकामा पनि खसेको भन्दा २६६ बढी मत पाइएको बताएका छन्।

(बाँकी अन्तिम पृष्ठमा)

## प्रदेश १ मा को बन्ला मुख्यमन्त्री ?

**विराटनगर, मंसीर १०।** प्रदेश १मा अब मुख्यमन्त्री को बन्ला ? भनेर विभिन्न आँकलन शुरु भएको छ भने मुख्य पार्टीका नेताहरुले सो पदमा दावी पनि गर्दै आएका छन्।

प्रदेश १मा नेकपा एमाले सबैभन्दा ठूलो दल बन्ने निश्चित भएको छ। प्रदेशसभाका ४२ निर्वाचन क्षेत्रको अन्तिम परिणाम आइसक्दा एमालेले १९ सिटमा जित र ६ मा अग्रता बनाएको छ। यस्तै दोस्रोमा कांग्रेसले १२ सिटमा जित र ४ मा अग्रता बनाएको छ।

माओवादी केन्द्रले ६ स्थानमा जित निकालेको छ भने ३ स्थानमा अग्रता कायम राखेको छ। राप्रपाले दुई र नेकपा एसले तीन स्थानमा जित निकालेको छ। सत्ता गठबन्धन हुँदाहुँदै पनि एमालेले प्रदेश १मा आफ्नो प्रभाव जमाइराख्न सफल भएको छ। एमाले यसअघि पनि प्रदेश सभामा ४० सिटसहित ठूलो दलका



रुपमा रहेको थियो।

समानुपातिकतर्फ पनि एमाले ३ लाखभन्दा बढी मत ल्याएर सबैभन्दा अग्रस्थानमा छ। तत्कालीन समयमा ५१ मध्ये १० सांसदले पार्टी छाडेपछि एमाले प्रदेशसभाको सबैभन्दा ठूलो दल कायम रहे पनि सरकार अल्पमतमा परेको थियो। ०७४ सालको निर्वाचनमा प्रदेश नम्बर १मा प्रत्यक्षतर्फ कूल ५६मध्ये ३६ सिट जितेको एमालेले समानुपातिकमा १५ सिट पाएर ५१ सिटसहित एकल बहुमत पाएको थियो। कांग्रेस प्रत्यक्षमा ८ र समानुपातिक १३सहित २१ सिट पाएर दोस्रो भएको थियो भने माओवादीले प्रत्यक्ष १० र समानुपातिक ५ सहित १५ सिट पाएको थियो।

प्रत्यक्षमा एक सिट जितेको संघीय समाजवादी फोरमले समानुपातिकमा २ सिटसहित ३ सिट पाएको थियो। ९२ सदस्यीय प्रदेशसभामा पार्टी विभाजनपछि एमाले सरकार ढलेको थियो। त्यसपछि नेकपा एकीकृत समाजवादीको नेतृत्वमा गठबन्धनको सरकार बनेको थियो।

प्रदेश १ मा सरकार निर्माणका लागि ४७ सांसद आवश्यक पर्छ। तर, प्रदेश १मा कुनै पनि दलले एकल सरकार बनाउने सक्ने अवस्था देखिँदैन।

**मुख्यमन्त्रीको दौडमा को–को ?**

प्रदेश १को सरकारको नेतृत्वमा कांग्रेसको दाबी रहने देखिन्छ। गठबन्धनभित्र कांग्रेस ठूलो दल हुनाले नेतृत्वमा आफ्नो दाबी रहने कांग्रेस नेताहरुले बताएका छन्।

सँगै माओवादीले पनि सरकारको दाबी गर्दै आएको छ। एकीकृत समाजवादीले पनि सरकारको नेतृत्वमा दाबी गर्ने सम्भावना उत्तिकै देखिन्छ।

(बाँकी अन्तिम पृष्ठमा)

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता

आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र

अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।

# स्वरोजगार भवानीको १५औं सभा



**बिर्तामोड, मंसीर १०।** बिर्तामोड-५मा मुख्य कार्यालय रहेको स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्थाले १५औं बार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

शनिवार बिर्तामोडमा बार्षिक साधारणसभा सम्पन्न गरेको हो । अध्यक्ष केशव बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका ज्येष्ठ नागरिक सदस्य महमद गुलाव नवीको प्रमुख आतिथ्य रहेको थियो ।

बार्षिक साधारणसभाका अवसरमा ४८ जना व्यक्ति र तीनवटा सेवा केन्द्रलाई सम्मान गरिएको थियो । त्यस अवसरमा १५ जना बजार प्रतिनिधि, ८ जना आन्तरिक कर्मचारी, ४ जना पारिवारिक बचतकर्ता, ४ जना असल ऋणी, ४ जना उत्कृष्ट बचतकर्ता, ४ जना बाल बचतकर्ता, ३ जना उत्कृष्ट खरिदकर्ता र तीनवटा सेवा केन्द्रलाई सम्मान गरिएको थियो । त्यसैगरी धितो प्रदान गर्ने झरेन्द्र उप्रेती, निरा उप्रेती, दीपक सिलवाल र डिल्लीमाया आचार्यसहित सञ्चारकर्मी लीलाराज झापाली र रेजिना गौतम समेत सम्मानित भएका छन् ।

अध्यक्ष बस्नेतले प्रस्तुत गरेको प्रतिवेदन अनुसार आर्थिक बर्ष २०७८/०७९ सम्ममा ४१ हजार ३९० जना शेयर सदस्य रहेको साथै १६ करोड ६ लाख ७७ हजार २१८ रुपैयाँ ६ पैसा रहेको छ । त्यस्तै सदस्यहरुको बचत (निक्षेप हिसाब ६४ करोड ८२ लाख ४ हजार २७३ रुपैयाँ ४ पैसा, सदस्यहरुलाई ऋण लगानी ८३ करोड ६० हजार ३ रुपैयाँ ५ पैसा रहेको छ भने यस आवमा संस्थाले २ करोड ४९ लाख ३२ हजार २०३ रुपैयाँ ४२ पैसा नाफा गर्न सफल भएको अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

सञ्चालक समिति सदस्य गोपाल प्रसाईले स्वागत गरेको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रतिनिधि कमल खनालले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन सचिव मनोज भट्टराईले गरेका थिए ।

# एनएमसीको सम्पत्ति ११ अर्ब ९९ करोड

**झापा, मंसीर १०।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी)को कूल सम्पत्ति ११ अर्ब ९९ करोड, ६१ लाख ६५ हजार पुगेको छ ।

सहकारीको ३०औं बार्षिक साधारणसभा पूर्व सन्ध्यामा सार्वजनिक गरिएको प्रतिवेदन उल्लेख गरिए अनुसार संस्थाको शेयर सदस्य




एक लाख ३५ हजार र शेयर पूँजी रु. एक अर्ब, ३५ करोड, ५८ लाख ९५ हजार पुगेको छ । शनिवार संस्थाको बिर्तामोडस्थित कार्यालयमा पत्रकार सम्मेलन गर्दै अध्यक्ष रामचन्द्र उप्रेतीले प्रतिवेदन सार्वजनिक गरेका थिए ।

कार्यक्रममा सहकारीले हाल पाँच वटा व्यवसाय सञ्चालन गर्दै आएको अध्यक्ष उप्रेतीले जानकारी दिए । उनले बचत तथा ऋणको कारोवार, डेरी उद्योग, एकीकृत नमूना कृषि फर्म र चिया उद्योग सहकारीले सञ्चालन गर्दै आएको बताए ।

सहकारीले हाल कर्पोरेट कार्यालयमा ५९ जना, बित्तीय व्यवसायमा ७६६ जना, डेरी व्यवसायमा ७५ जना, एकीकृत नमूना कृषि फर्ममा ५४ जना, सहकारी पसल व्यवसायमा १२६ जना र चिया व्यवसायमा ४८ गरी एक हजार १२५ जनालाई प्रत्यक्ष रोजगारी दिँदै आएको प्रतिवेदनमा उल्लेख छ ।

संस्था अन्तर्गत सञ्चालन गरिएका शुपथ मूल्यको सहकारी पसलमा आगामी मंसीर ११ गतेदेखि उधारो सुविधा उपभोग गर्न सकिने पत्रकारहरुलाई अध्यक्ष उप्रेतीले जानकारी दिए । उनले मंसीर १८ गतेदेखि क्षेत्रगत रुपमा साधारणसभा गरी पुस २ गते फाइल माइन्यूट प्रमाणित कार्यक्रम गरिने बताए ।

उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्यसहित प्रतिवेदन साधारणसभा अघि नै सार्वजनिकीकरण गर्नुको बारेमा उपाध्यक्ष भवगती घिमिरेले धारणा व्यक्त गरेकी थिइन् । सञ्चालक समितिहरुको उपस्थितिमा समेत रहेको कार्यक्रमको सञ्चालन उपाध्यक्ष लक्ष्मी उप्रेतीले गरेका थिए ।

## बुद्धशान्तिमा ...

वि.सं. २०३८ सालमा पिता भक्तबहादुर र माता पूर्णिमा खड्काकी सन्तानका रुपमा जन्मिएकी बर्खा खड्का गत २०७२ सालमा बुद्धशान्तिकै समाजसेवी मदन प्रसाईसँग वैवाहिक जीवनमा बाँधिएकी थिइन् । त्यसपछि आप्रवासीहरुको क्षेत्रमा काम गर्ने संस्था आइओएममा जोडिएर कामको सिलसिलामा अमेरिकामा रहेकी बर्खाको केही समय अघि ट्राफिक लाइटमा भएको प्राविधिक त्रुटिका कारण कारको ठक्करबाट अमेरिकामा नै मृत्यु भएको थियो ।

मदरटेरेसा र अनुराधा कोइरालाको मानव सेवाका कार्यबाट प्रभावित रही सामाजिक कार्यमा सक्रिय रहेकी बर्खाको अल्पायुमा नै मृत्यु भएकोले उनकै सम्झनामा प्रतिष्ठान खोलिएको प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईले जानकारी दिएका छन् । हाल प्रतिष्ठानको उपाध्यक्षमा हेमबहादुर प्रसाई, सचिवमा मदन मगर, सहसचिवमा अम्बिका घिमिरे प्रसाई, कोषाध्यक्षमा शकुन्तला अधिकारी र सदस्यहरुमा मनोज प्रसाई, धर्म कँडरिया, प्रल्हाद खड्का र पवित्रामाया थापा खड्का रहेको बताइएको छ ।

## दुई ...

मोटरसाइकललाई शंका लागी चेकजाँच गर्ने क्रममा उक्त मोटरसाइकलमा लुकाई छिपाई प्लाष्टिकको झोलामा ल्याएको उक्त परिमाणको गाँजा फेला पारी उक्त मोटरसाइकलका चालक वीरेन्द्रलाई पक्राउ गरेको हो । दुर्घटनामा घाइते भएका दुवै मोटरसाइकलमा सवार २ जनालाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड पठाइएको छ ।

## कांग्रेसमा ...

मोरङ ६ बाट निर्वाचित कांग्रेसका नेता शेखर कोइरालाले 'साथीहरूसँगको छलफलपछि' मात्रै आफूले संसदीय दलको नेतृत्व दाबी गर्ने या नगर्ने बारे निर्णय लिने बताएका थिए ।

आगामी सरकारको नेतृत्वका लागि आफ्नो दाबी रहने कांग्रेस महामन्त्री गगन थापाले यसअघि नै बताइसकेका छन् । पार्टीको संसदीय दलको नेतामा चुनिने थापाको प्रयासमा आफ्नो साथ रहने धारणा अर्का महामन्त्री विश्वप्रकाश शर्माले सार्वजनिक रूपमा राखेका छन् । चुनावअघि नेपाली कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले निर्वाचनपछि पनि देउवाकै नेतृत्वमा सरकार बन्ने बताएका थिए । तर वरिष्ठ नेता पौडेलले आफूले संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्ने मनस्थिति बनाएको बताए ।

मुलुकले उच्च नैतिक चरित्रसहितको नेता खोजिरहेको भन्दै उनले भने- राजनीतिमा म यो कामको लागि आफूलाई प्रस्तुत गर्छु भनिसकेको पछि फलानोसँग लड्ने र फलानोसँग नलड्ने भन्ने हुँदैन । पाँचपटक प्रधानमन्त्री बनिसकेका ७७ वर्षीय देउवामाथि नेतृत्व हस्तान्तरणका लागि कतिपय युवा नेताहरूले दबाब दिँदै आएका छन् । एक दशकअघि १७ पटक प्रधानमन्त्री पदको चुनाव लडेर पनि परिणाम आफ्नो पक्षमा पार्न नसकेका पौडेल आफूलाई एकपटक सरकारको नेतृत्व गर्ने मौका दिइनुपर्ने तर्क गर्दै आएका छन् ।

**राजनीतिक विश्लेषक के भन्छन् ?**

विश्लेषकहरूले अहिलेको अवस्थामा संसद्मा कुनै दल वा गठबन्धनको बहुमत कायम हुने सम्भावना नदेखिएको र मिलीजुली सरकार बनाउनुपर्ने अवस्थामा दलहरू पुगेको बताइरहेका छन् । जनकपुरस्थित एक जना राजनीतिक विश्लेषक सुरेन्द्र लाभले भने- अहिलेसम्म हेर्दा गठबन्धनका दलहरूले पनि अन्य नयाँ दलहरूलाई साथमा लिएर अघि बढ्नसक्छन् । बहुमत पुऱ्याउन सकेनन् भने राजनीतिमा हरेक कुरा सम्भव हुन्छ । अहिलेको गठबन्धन फेरिन पनि सक्छ ।

गोर्खा क्षेत्र नम्बर २बाट चुनाव जितेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले टेलिफोन गरेर बधाई दिएका थिए । त्यसबेला ओलीले सहकार्यको प्रस्ताव राखेको विवरण समेत आएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री समेत रहेका माओवादी नेता देवेन्द्र पौडेलले माओवादीले अहिलेकै गठबन्धनलाई अघि बढाउने सोच बनाएको बताउँदै 'भविष्यमा ओलीसँगको सहकार्यलाई नकार्न नसकिने' धारणा राखेका थिए । चुनावमार्फत पहिलोपटक उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आफू पनि सहकार्यका लागि खुला रहेको सङ्केत दिएको छ ।

**मतपरिणामको अर्थ के ?**

एक जना राजनीतिशास्त्री पुष्प अधिकारीले अहिलेको चुनावी परिणामले नेपाललाई थप अस्थिर बनाउने बताएका छन् । उनले भने- अब पनि एकदमै पृथक विचार भएका र अलग दिशातर्फ फर्किएका दलहरू मिलेर सरकार बनाउने कसरत शुरु हुन्छ । राजनीतिक दलहरूमा अब सिद्धान्त छाडेर सत्ता मात्रै बाँकी रहेको छ । यसैका लागि छिनाझपटी देखिन्छ । देशको स्थायित्व, स्थिरता र राष्ट्रिय स्वार्थमा यसले निक्कै ठूलो दुखद् परिस्थिति निम्त्याउन सक्छ ।

अघिल्लोपटक निर्वाचनमा मिलेर लडेका बाम पार्टीहरूले परिणाम देखिने गरी काम गर्न सकेको भए त्यो राम्रो हुने र त्यसले लोकतान्त्रिक पार्टीहरूभित्र पनि सुधारका निम्ति माहौल खडा गर्ने उल्लेख गर्दै उनले त्यसो हुन नसक्दा थप अन्यौल देखिएको बताए । अहिले निर्वाचित स्वतन्त्र दलका युवा सांसदहरूले भावी प्रतिनिधिसभामा हस्तक्षेपकारी भूमिका खेल्न सके आगामी दिनमा उनीहरू थप बलियो शक्तिका रूपमा अघि बढ्न सक्ने उनले बताए । निर्वाचन आयोगले भने प्रतिनिधिसभा अन्तर्गतको प्रत्यक्ष र समानुपातिक प्रणालीको सम्पूर्ण मत परिणाम आउन अझै केही दिन लाग्ने जनाएको छ । वीवीसी

## प्रदेश १मा ...

किनकि अहिले सो पार्टीकै नेतृत्वमा सरकार छ ।

यदि प्रदेश १मा कांग्रेसको नेतृत्वमा सरकार बनेको खण्डमा कांग्रेसका केन्द्रीय सदस्य अमृत अर्याल मुख्यमन्त्री प्रमुख दाबेदार हुनेछन् । मुख्यमन्त्री बन्नकै लागि उनी प्रदेशसभामा उठेका हुन् ।

त्यस्तै, भीम पराजुली, हिमाल कार्की, केदार कार्की पनि मुख्यमन्त्रीका दाबेदार हुन् । उनीहरु विजयी भइसकेका छन् । मुख्यमन्त्रीको दाबी गरेका गुरुराज घिमिरे भने पराजित भए । मुख्यमन्त्रीकै आकांक्षी राजीव कोइराला पनि पछि परेका छन् ।

नेपाली कांग्रेस प्रदेश १का सभापति उद्धव थापा समानुपातिक सूचीमा पहिलो नम्बरमा छन् । उनी पनि मुख्यमन्त्रीकै दाबेदारीमा छन् ।

सत्ता बाडफाँटमा प्रदेश १ को सरकारको नेतृत्व माओवादीको भागमा परेको खण्डमा सो पार्टीका तर्फबाट एक्लो दाबेदारजस्तै छन्- इन्द्रबहादुर आङ्बो । माओवादीबाट अहिलेसम्म अरु कसैले मुख्यमन्त्रीको दाबी गरेका छैनन् । समाजवादीको भागमा परे पुनः राजेन्द्र राई मुख्यमन्त्री बन्ने छन् । ठूलो दलको हिसाबले एमालेले सरकार बनाउने अवस्था आए एमालेबाट हिक्मत कार्की मुख्यमन्त्री बन्ने छन् । पोलिटब्युरो सदस्य समेत रहेका कार्की यसअघि पनि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारीमा थिए । आगामी मुख्यमन्त्री आफू बन्ने नारा लिएरै उनी चुनावमा गएका थिए । सो पार्टीबाट मुख्यमन्त्रीको दाबी गरिरहेका जीवन घिमिरे पराजित भएका छन् ।

## संसदमा ...

आवधिक निर्वाचनमा २१९ स्वतन्त्रसहित २० राजनीतिक दलका एक हजार तीन सय ४५ उम्मेदवार प्रतिस्पर्धामा थिए । उक्त निर्वाचनमा तीन स्वतन्त्रसहित दुई सय पाँच जना बिजयी भएका थिए ।

सो निर्वाचनमा नेपाली कांग्रेस एक सय १०, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ६९, संयुक्त जनमोर्चा नौ, नेपाल सद्भावना पार्टी छ, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) तीन, नेपाल मजदुर किसान पार्टी दुई, नेपाल कम्युनिष्ट पार्टी ( प्रजातान्त्रिक) दुई, राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) एक र तीन स्वतन्त्र उम्मेदवार बिजयी भएको निर्वाचन आयोगको अभिलेखमा देखिन्छ ।

वि.सं. २०५१को मध्यावधि निर्वाचनमा २४ राजनीतिक दलकातर्फबाट एक हजार ५७ र स्वतन्त्र तीन सय ८५ उम्मेदवार थिए । तीमध्ये राजनीतिक दलका तर्फबाट एक सय ९८ र स्वतन्त्र सात जना निर्वाचित भएका थिए ।

उक्त निर्वाचनमा एमाले ८८, कांग्रेस ८३, राष्ट्रिय प्रजातन्त्र पार्टी २०, नेपाल मजदुर किसान पार्टी चार, नेपाल सद्भावना पार्टी तीन र सात स्वतन्त्र उम्मेदवारले बिजय हासिल गरेका थिए ।

वि.सं. २०५६मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४० राजनीतिक दलका तर्फबाट एक हजार छ सय पाँच र स्वतन्त्र छ सय ३३ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । उक्त निर्वाचनमा भने कुनै पनि स्वतन्त्र उम्मेदवार विजयी भएनन् । २०५ सदस्यीय प्रतिनिधिसभाका सबै सदस्य राजनीतिक दलका तर्फबाट निर्वाचित भएका थिए ।

उक्त निर्वाचनमा कांग्रेस एक सय ११, एमाले ७१, राप्रपा ११, नेपाल सद्भावना पार्टी पाँच, राष्ट्रिय जनमोर्चा पाँच, संयुक्त जनमोर्चा एक, र नेपाल मजदुर किसान पार्टीले एक स्थान जितेको थियो ।

वि.सं. २०६४को संविधानसभा सदस्य निर्वाचनका लागि ७४ राजनीतिक दल दर्ता भएका थिए । तीमध्ये प्रत्यक्षतर्फ ५४ दलका तीन हजार एक सय ३० उम्मेदवारले भाग लिएका थिए । सो निर्वाचनमा प्रत्यक्षतर्फ नेकपा (माओवादी) १२०, कांग्रेस ३७, एमाले ३३, मधेसी जनअधिकार फोरम नेपाल ३०, तराई मधेस लोकतान्त्रिक पार्टी नौ, सद्भावना पार्टी चार, जनमोर्चा नेपाल दुई, नेपाल मजदुर किसान पार्टी दुई, राष्ट्रिय जनमोर्चा एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए ।

वि.सं. २०७० को दोस्रो संविधानसभामा प्रत्यक्षतर्फ कांग्रेस एक सय पाँच, एमाले ९१, एकीकृत नेकपा (माओवादी) २६, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन, मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) चार, मधेसी जनअधिकार फोरम नेपाल दुई, तराई-मधेस लोकतान्त्रिक पार्टी चार, सद्भावना पार्टी एक, नेपाल मजदुर किसान पार्टी एक, तराई-मधेस सद्भावना पार्टी नेपाल एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए ।

वि.सं. २०७४मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ नौ राजनीतिक दल र एक जना स्वतन्त्र उम्मेदवार बिजयी भएका थिए । सो निर्वाचनमा प्रत्यक्षतर्फ एमाले ८०, कांग्रेस २३, माओवादी केन्द्र ३६, राजपा नेपाल ११, संघीय समाजवादी फोरम नेपाल १०, राप्रपा, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र नयाँ शक्ति पार्टी एक/एक तथा एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएका हुन् ।

## सानालाई ...

४२८, राष्ट्रिय जनमुक्तिका पर्शुराम मगरले २२८, स्वतन्त्र उम्मेदवार राजकुमार तामाङ लामाले २८३, नेपाल विवेकशील पार्टीका उम्मेदवारले २५२ र स्वतन्त्र उम्मेदवार कुमार भट्टराईले २४४ मत प्राप्त गरे ।

त्यस्तै जनता समाजवादी पार्टी नेपालका राम सुफल कामतीले १३३ मत प्राप्त गरे भने नेपालका लागि नेपाली पार्टी नेपालका ज्ञानेन्द्र राज कार्कीले १०६ मत प्राप्त गरे । यस हिसावले उनीहरुले समेत जमानत जफत जोगाउन सकेनन् ।

## इलाम १मा ...

'शनिबार पनि ६ वटा बाकसबाट मतपत्र निकाल्दा मुचुल्का गरिएको भन्दा २६६ थान बढी मत भेटियो । त्यसैले यहाँ अनियमितता भयो'- उनले भने- 'यसमा मेरो कुरा भनेको रिइलेक्सनमा जानुपर्छ भन्ने हो । म आजै पत्रकार सम्मेलन गरेर यसबारेमा विस्तृत विवरण सार्वजनिक गर्दैछु ।' उनले यसबारेमा प्रमुख निर्वाचन आयुक्तसँग पनि कुरा गरिसकेको बताएका छन् । 'यसबारेमा प्रमुख निर्वाचन आयुक्तसँग कुरा गर्दा उहाँले कुनै जवाफ दिनु भएको छैन'- उनले भने- 'त्यसैले यसमा अब रिइलेक्सनमा जानैपर्छ ।' उनले धाँधलीका एकपछि अर्को प्रमाण भेटिएको भन्दै अब एकीकृत समाजवादीका प्रतिनिधिहरुले हस्ताक्षर नगर्ने बताएका छन् । इलाम १मा अहिले एमाले उम्मेदवार महेश बस्नेत खनालभन्दा २ हजार ४५५ मतले अगाडि छन् । बस्नेतले १८ हजार ५४२ मत ल्याइसकेका छन् । खनालले १६ हजार ८७ मत ल्याएका छन् । खनाल शुरुदेखि नै निरन्तर पछि परिरहेका छन् ।


**विक्रीमा**

मनमोहन हस्पिटलको डायलासिस सेन्टरको चलिरहेको क्यान्टिङ तु-विक्रीमा छ ।

मो. ९८२७३३१६३३, ९८१५९२६३७२

**फ्ल्याट भाडामा**

बिर्तामोडस्थित कञ्चनजंघा हस्पिटल अगाडि रहेको घरको पहिलो तला र तेस्रो तला परिवार बस्नेको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्कः ९८०७९४७५४४

**घर विक्रीमा**

बिर्तामोड नपा–१ राजगढ स्टेण्ड उत्तर हाइवे टचमा रहेको १ कठ्ठा १३ धुर जग्गामा बनेको ३ तले कमर्सियल भवन तु–विक्रीमा छ । साथै फाइनान्सको सुविधा समेत रहेको छ ।

मो. ९८५२६७२५९६

**घर तु-विक्रीमा**

बिर्तामोड वडा नं. ४ मुक्ति चौक छेउ हाइवे टचमा रहेको १० धुर जमिनमा बनेको ४ तले कमर्सियल भवन तु–विक्रीमा छ । साथै फाइनान्सको सुविधा समेत रहेको छ ।

मो. ९८५२६७२५९६

**सुवर्ण अवसर**

तपाईको घर, अफिस र गोदाममा,
# Electrician
# Plumbing
# Geyser, A.C, Freeze
# Carpenter
# tiles marbel
# CC camera
# computer printer आदिको
कुनै पनि सामान चाहिए वा समस्या भए तु–हामीलाई सम्झनुहोस्, हामी तु–समाधान गरिदिन्छौ । नयाँ गिरको बिक्रीसहित जडान पनि गरिन्छ ।

Munna Group pvt.Ltd

Bibek limbu : 9801457750 l Puspa Bhandari 9801457751

Office: 9801450022

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

यस फाल्गुनन्द बचत तथा ऋण सहकारी संस्था लि. दमक– ६, झापाको बिर्तामोड सदस्य सेवा केन्द्रका लागि निम्न पदमा कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**पदः** बजार प्रतिनिधि
**संख्याः** केही
**शैक्षिक योग्यताः** न्यूनतम् एसएलसी/एसईई
**उमेरः** २० बर्ष पूरा गरी ३५ बर्ष ननाघेको
**आवेदन दिने मितिः** २०७९।०८।१२देखि दिनको १२ बजेभित्र
**दरखास्त बुझाउने स्थानः** बिर्तामोड सदस्य सेवा केन्द्रको कार्यालय, बिर्तामोड–५, शनिश्चरे रोड
**सम्पर्कः** बिर्तामोड ०२३–५३२६५४, ५८५८१८
**छनौट विविधः** लिखित, मौखिक, प्रयोगात्मक
**लिखित परीक्षाः** २०७९।०८।१२ दिउँसो १:०० बजे (**नतिजा प्रकाशनः** दिउँसो २:३० बजे)
**मौखिक परीक्षाः** २०७९।०८।१२ ३:०० बजे (**नतिजा प्रकाशनः** ६:०० बजे)
**निवेदन दस्तुरः** रु. २००।–
**सेवासुविधाः** संस्थाको मानव संशाधन नीति अनुसार
**अन्य योग्यताः** कम्प्युटर सम्बन्धी ज्ञान भएको/ मोटरसाइकल/ स्कुटरको लाइसेन्स भएकोलाई प्राथमिकता, सहकारी सम्बन्धी ज्ञान भएकालाई विशेष प्राथमिकता साथै स्थानीय बासिन्दा हुनुपर्नेछ ।
नोटः इच्छुक व्यक्तिले हस्तलिखित निवेदन दिनुपर्नेछ ।
**आवश्यक कागजातहरुः** नागरिकताको फोटोकपी १ थान, फोटो २ थान, शैक्षिक तथा अन्य योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु ।

मानव संशाधन व्यवस्थापन उपसमिति
फाल्गुनन्द बचत तथा ऋण सहकारी संस्था लि.
दमक–६, झापा

**युनाईटेड फर्मास्युटिकल्स इन्ड्रष्ट्रि प्रा. लि. आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति २०७९/०८/११)

प्रदेश १, झापा जिल्ला, हल्दिबारी गाउँपालिकामा युनाईटेड फर्मास्युटिकल्स इन्ड्रष्ट्रि प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | युनाइटेड फर्मास्युटिकल्स इन्ड्रष्ट्रि प्रा. लि.<br>हल्दिबारी गाउँपालिका–१, झापा, नेपाल<br>इमेलः united.pharmaceuticals2079@gmail.com<br>फोनः ९८५२६६२४३२ |
| प्रस्तावको व्यहोरा | वार्षिक १२० Million Tablets and Bolus, ५००० Kg Oral Powder र ५००,००० Liters Oral Liquid उत्पादन गर्ने उद्देश्यले उद्योग स्थापना गर्न लागिएको |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./गा.पा. | झापा जिल्ला, हल्दिबारी गाउँपालिका, वडा नं १ |
| कित्ता नं | ८४८१, ८४८८, ८४८९, १००९९ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| हल्दिबारी गाउँपालिका, वडा नं १ को कार्यालय | |
| प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं | |
| प्रस्तावकको नाम र ठेगाना | युनाईटेड फर्मास्युटिकल्स इन्ड्रष्ट्रि प्रा. लि.<br>हल्दिबारी गाउँपालिका–१, झापा, नेपाल<br>इमेलः united.pharmaceuticals2079@gmail.com<br>फोनः ९८५२६६२४३२ |
| परामर्शदाताको नाम र ठेगाना | क्वेष्ट फोरम प्रा. लि.<br>कोटेश्वर, काठमाडौं, नेपाल<br>ईमेलः questforumnp@gmail.com<br>फोनः ९८५१००९५३६ |


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

### अबको यात्रा !

**भर्खरै सम्पन्न आमनिर्वाचनको परिणामले देशको भविष्यको संकेत गरिसकेको छ । अर्थात् विगतका निर्वाचनहरुमा मतदाताले देखाएको उत्साह यसपटक मतदानमा प्रकट भएन । जसको परिणाम नेपालको निर्वाचनको इतिहासमा सर्वाधिक कम मत खस्यो । यसबाट जिम्मेवार दलहरुले आफूलाई सच्याउन सकेनन् भने जनताको यस्तो वितृष्णाले नेपालको समृद्धिको यात्रामा अनपेक्षित दुर्घटना निम्त्याउन सक्छ । गएको पाँच वर्षमा ठूला राजनीतिक दलहरु त्यसमा पनि पहिले सरकारमा रहेको र पछि मुख्य प्रतिपक्षी बनेको दलले प्रदर्शन गरेको अराजनीतिक गतिविधिले यसपटकको निर्वाचनमा प्रभाव पारेको कतिको बुझाइ छ । ठूला दल पुरानो मानसिकताले ग्रस्त छन्, नेताहरु तिनै छन् र उनीहरुको अर्जुनदृष्टि भनेको सत्ता र कुर्सीबाट कहिल्यै विमुख हुन सकेन । त्यही कारण मतदातामा पनि निर्वाचन, उम्मेदवार र उनीहरुका प्रतिबद्धताले कुनै उत्साह जगाउनै सकेन ।**

**एकातिर उही दल, उही नेता, पुरानै र कहिल्यै पूरा हुन नसकेका प्रतिबद्धताले जनता आजित छन् भने अर्कातिर एउटै दलभित्र पनि 'खुट्टा तानातान'को रोग व्याप्त छ । राजनीतिक नेतृत्व आफ्नो अनुपस्थितिमा हुनै सक्दैन भन्ने दम्भ र अहंकार सबै दलका शीर्ष नेतृत्वको साझा रोग रहेको छ । त्यही रोग र अहंकारको उपचार गर्न नसक्दा पटक–पटक टुक्रिनु, खुम्चिनु र क्रमशः हराउँदै जानु खासगरी वामपन्थी दलहरुको नियति बनेको छ । त्यही अहंकार र भ्रमले अहिले उनीहरुको अस्तित्व र उपस्थितिमा चुनौति थपिएको छ । राजनीतिलाई आफू अनुकूल उपयोग गर्ने दलहरुकै कारण आज आम मतदातामा निराशा मात्र होइन राजनीति र परम्परागत दलहरुप्रति वितृष्णा हुर्किएर गएको छ । जसको नतिजा मतदानको न्यूनतामा सचित्र उभियो ।**


**निर्वाचन लोकतन्त्रको जीवन सञ्चारको आधार हो भनेर मात्रै अब पुग्दैन । त्यसलाई आममतदाताको जीवनसँग जोड्न सक्नुपर्छ । त्यसो हुन सकेन वा दलहरुले राजनीतिलाई त्यसतर्फ उन्मुख गर्न सकेनन् भने 'नो नट अगेन' भन्दा पनि कठोर निर्णय गर्न जनता सक्षम हुन सक्छन् । प्रत्येक निर्वाचन र त्यसको परिणामले जनताको जीवन पद्धति र अवस्थामा सुधार हुन सकेन भने आगामी निर्वाचनको तस्विर कस्तो हुन जाला ? परिवर्तन र प्राप्त उपलब्धीलाई कसरी संस्थागत गर्न सकिएला ? त्यसप्रति तिनै दलहरु गम्भीर हुनुपर्दछ । निर्वाचन केवल परम्पराको निरन्तरता मात्र होइन, जनताको इच्छा, आकांक्षा, सपना, भविष्य र राष्ट्रको समृद्धिको माध्यम पनि हो । त्यसैले मतदानमार्फत जनताले अपेक्षा गरेको चाहनाको पूर्णता, आत्मसमीक्षा र मूल्यांकन गर्दै राजनीति स्थिरता र मुलुकको समृद्धितर्फ लाग्न निर्वाचित प्रतिनिधि तथा दलहरु केन्द्रित होऊन् ।**

### सामाजिक सञ्जाल

'यदि तिमी स्पष्ट सोच्ने मान्छे हुन चाहन्छौ भने राजनीतिमा धेरै ध्यान नदिनु । यस्ले मान्छेको स्पष्ट सोच्ने क्षमतालाई हानी पुऱ्याउँछ । मान्छेलाई एकोहोरो, एकपाटे र लिनियर बनाउँछ ।'

**– विजयकुमार पाण्डे**





स्वास्थ्य बिमा धराशाही किन भइरहेको छ ? व्यवस्थापन भएन, भिजन भएन, दुरदर्शीता भएन, सबैका लागि अनिवार्य स्वास्थ्य बिमा वैज्ञानिक र प्रभावकारी बनाई आम जनमानसमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने मेरो मुख्य एजेण्डा हो । मलाई साथ दिनुहोस् है ।


**– डा. तोसिमा कार्की**

स्वस्थ प्रजातान्त्रिक अभ्यासलाई संस्थागत गर्दै जाने नीति हो भने निर्वाचनमा पराजित भइसकेपछि मन्त्रि पद छोड्नुपर्ने हो सरोकारवालाहरूले । अहिलेको मन्त्रि परिषद् त्यसै पनि काम-चलाऊ अवस्थाको हो ।

**– ध्रुवबहादुर अधिकारी**



# युवा पलायन कसरी रोक्ने



**विष्णुप्रसाद खनाल**

देशमा राजनीतिक स्थिरता कायम भई उद्योगधन्दा सञ्चालनमा आई आर्थिक विकासले गति लिन सकेको खण्डमा देशले फड्को मार्ने थियो, तर त्यो हुन सकेन । स्वदेशमै रोजगारीको अवसर प्राप्त हुन पनि सकेन । अहिलेको अवस्थामा युवा पलायन देशकै जटिल एवम् पेचिलो समस्या बन्दै गएको छ ।

सरकारले १५औं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) मार्फत रोजगारीलाई व्यवस्थित गराउने सन्दर्भमा सबै नागरिकलाई मर्यादित, उत्पादित र उत्थानशील रोजगारी उपलब्ध गराउने सोच तथा उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने लक्ष्य योजनाको रहेको छ । साथै सरकारले देशभित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्ने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उद्देश्य राखेको छ ।

निर्धारित उद्देश्य तथा लक्ष्य प्राप्त गर्ने सन्दर्भमा स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम् रोजगारीको प्रत्यभूति गर्ने, तीन तहका सरकारबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने, वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम् प्रतिफलदायक बनाउने, रोजगार सिर्जना गर्न एवम् विभिन्न सङ्कायसँग समन्वय तथा रोजगारी कार्यको नियमन गर्न अधिकारसम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने रणनीति समेत अवलम्बन गरेको छ । योजना तर्जुमा भएर मात्र हुँदैन, त्यसका लागि योजनाको प्रभावकारी कार्यान्वयन हुनु जरुरी छ ।

अहिलेको तथ्याङ्क हेर्ने हो भने नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७८/०७९ को आर्थिक सर्वेक्षण अनुसार २०७८ फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनः श्रम स्वीकृति लिनेको संख्या ५६ लाख ६५ हजार दुई सय २६ पुगेको छ । जसमध्ये पुरुषको संख्या ५३ लाख ४८ हजार आठ सय १४ छ भने महिलाको संख्या तीन लाख १६ हजार चार सय १२ छ । आर्थिक वर्ष २०७८/०७९ को फागुनसम्म थप चार लाख १२ हजार सात सय ८७ जनाले वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनः श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगारीमा गएका नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसबाट आर्थिक वर्ष २०७८/०७९ को फागुनसम्म ५८ महिला र एक हजार चार सय ६४ पुरुष गरी जम्मा एक हजार पाँच २२ कामदार तथा तिनका परिवार लाभान्वित भएका छन् । वैदेशिक रोजगारीको प्रमुख गन्तव्यका रूपमा रहेका मलेसिया, कतार, साउदी अरब र युएईमा मात्र वैदेशिक रोजगारीमा गएका नेपाली मध्ये करिब ९० प्रतिशत कामदार कार्यरत छन् । २०७८ फागुनसम्म ८७८ म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा श्रमिक पठाउने इजाजतपत्र प्राप्त गरेका छन् । सरकारले वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा एक सय १० र व्यक्तिगत रूपमा एक सय ७८ देश खुला गरेको छ ।

नेपालको संविधान, २०७२ ले रोजगारी र श्रमको हकलाई मौलिक हकका रूपमा स्थापित गर्नुका साथै




दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ, तर त्यसको पूर्ण कार्यान्वयन जरुरी छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि-१६९ ले मर्यादित र सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको छ ।

राष्ट्रिय रोजगार नीति, २०७१ र वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयनमा आएका छन् भने दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिवृद्धि मार्फत रोजगारीको सुरक्षित प्रतिबद्धता व्यक्त गरिएको छ । यसका लागि आन्तरिक रोजगारी प्रवर्द्धन, बाध्यात्मक, वैदेशिक रोजगारीको अन्त्य र उत्पादकत्व अभिवृद्धि गर्ने रणनीति अनुरूप विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । तथ्याङ्क अनुसार नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्छन् । एकातर्फ आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त वैदेशिक रोजगारीमा जाने गरेका छन् । दैनिक करिब एक हजार युवा विदेशिने गरेको र विप्रेषण आय कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २५ दशमलव ४ प्रतिशत रहेको छ । जुन विश्वकै उच्चमध्येको एक हो ।

अर्कोतर्फ उदार श्रमनीति, सीपमूलक श्रमशक्तिको अपर्याप्तता र कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गएको र स्वदेशी श्रमिक विस्थापित हुँदै गएको अवस्था छ । श्रम शक्तिको ३६ दशमलव ५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगारी दर ११ दशमलव ४ प्रतिशत रहेको छ । श्रमशक्ति सहभागिता दर ३८ दशमलव ५ रहेको र बाध्यकारी श्रम सहभागिता दर १ दशमलव २ प्रति हजार रहेको छ ।


नेपालमा उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नु, शिक्षालाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु आवश्यक छ । असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत आर्थिक विकासका सम्भावनालाई फराकिलो बनाउनु, प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्नु, गन्तव्य मुलुकमा कामदारको सुरक्षा गर्नु र वैदेशिक रोजगारीबाट सिर्जित संरचनागत जोखिम कम गर्दै यसबाट प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा आन्तरिक उपयोग गर्नेजस्ता पक्षलाई ध्यान दिन सकेको खण्डमा मात्र युवा पलायन हुनबाट रोक्न सकिन्छ ।

गत वैशाखमा स्थानीय निर्वाचन भएको थियो । देशभर नयाँ जनप्रतिनिधि निर्वाचित भए । पाँच वर्षका लागि भएको उक्त छनोटले केही हदसम्म युवालाई स्वदेशमा नै रहने वातावरण सिर्जना हुनेमा आशावादी हुन सकिन्छ, तर देशभित्र देखापर्ने राजनीतिक अस्थिरता र खिचातानीले गर्दा देश सुधारको बाटोमा जाने कुरामा शङ्का गर्न थालिएको छ । स्थानीय तह राजनीतिक दलका कार्यकर्ता भर्तिकेन्द्र बन्नु हुँदैन । मंसीर ४ गते प्रदेशसभा र प्रतिनिधि सभाको निर्वाचन भयो । सो निर्वाचनपछि देशले पाँच वर्षसम्म टिक्ने सरकार पाएको खण्डमा देशमा केही हदसम्म भए पनि सुधारका सङ्केत देखिनेछ भने युवा पलायन केही हदसम्म रोकिने आशा गर्न सकिन्छ । नेपालको संविधानमा रोजगारीको हकको व्यवस्था भए पनि दिनहुँजसो हजारौं युवा सुन्दर भविष्यको सपना बोकेर विदेशिन बाध्य छन् ।

स्वदेशमा आफ्नो क्षमता र दक्षता अनुसार काम नपाउनु एक विडम्बनाको विषय हो । राम्रो मान्छेलाई भन्दा आफ्नो मान्छेलाई रोजगारी दिनु जस्ता प्रवृत्ति मात्रै होइन, देशमा श्रमप्रतिको सम्मान तथा सामाजिक सुरक्षाको प्रत्याभूति नभएपछि युवा पलायन हुने गरेका हुन् । निर्वाचनपछि बन्ने सरकार र संसदले यस्ता विषयमा विशेष ध्यान दिनु जरुरी छ । नेपालको सन्दर्भमा १८ देखि ४० वर्ष उमेर समूहका मानिस नै युवाभित्र पर्ने गर्छन् । युवा नीति, २०६६ र राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा युथ भिजन २०२५ ले नेपालमा युवाको पलायन रोक्न विभिन्न व्यवस्था गरे पनि त्यो प्रभावकारी हुन सकेको छैन । यस्तो अवस्थामा स्वदेशमै युवा जनशक्तिलाई उद्यमशील बनाउन सकेको खण्डमा मात्र देशको विकास सम्भव छ । त्यस्तो पहलले मात्र युवा पलायन हुनबाट रोक्नेछ ।

पछिल्लो समयमा राजनीतिमा युवा सक्रिय हुन थालेका छन् भने स्वदेशमै केही गर्नुपर्छ भन्ने भावना पनि विकास भएको पाइन्छ । तर, युवा पलायनलाई दीर्घकालीन रूपमा रोक्नका लागि सरकारले दूरगामी योजना ल्याउनु आवश्यक छ भने औद्योगिक क्षेत्रको विकास गरी उद्यमशीलता प्रवर्द्धन गर्न सक्नुपर्छ । देशमा काम गर्न सक्ने वातावरणको सिर्जना गर्नुपर्छ भने हरेक क्षेत्रमा युवालाई प्राथमिकता दिन सकेको खण्डमा पनि युवा पलायन रोक्न सकिन्छ । त्यो राज्यको जिम्मेवारी पनि हो । त्यसैगरी अध्ययनको नाममा दिनानुदिन पलायन भइरहेका युवालाई समेत आफ्नो देशमा आउन सक्ने वातावरण सिर्जना गर्नुपर्छ । *गोप*

# नारी तिमी कमजोर छैनौ



**बिना न्यौपाने**

नारी यो धर्तीको अमूल्य उपहार हो । जसले धेरै परिचय बनाउन सक्छे । छोरीबाट शुरु हुन्छ उसको परिचय । सधैं अरु कै निम्ति जीवन समर्पित गरेकी हुन्छे, एउटी नारीले । माइतीको इज्जत, छोरी मान्छे धेरै सहनशील हुनु पर्छ । मन बाँध्न सक्नु पर्छ । साँच्चै हामी छोरी मान्छेको मुखमा त ताल्चा नै लगाउन खोजिएको छ, क्यारे । नत्र त छोराहरूले बोल्ने हरेक शब्द छोरी मान्छेले बोले भने पचाउन सक्दैन नि ।

हातमा समाजका नीति-नियम र जन्जिरको हतकडी बाँधिएको छ । यो समाज पुरुष बिनाको महिलाको अस्तित्व कल्पनासम्म पनि गर्न चाहदैनन् । यै समाजलाई थाहा छ, नारी जाति जति बलियो अरु कोही छैन् । जन्म घर छोडेर अन्जान घरमा सहजै घुलमिल हुन सक्ने, जन्मदिने बाबुआमालाई सहजै छोडेर कर्म दिने बाबुआमालाई नै संसार ठान्ने केबल नारी मात्रै हुन । ती नै पुरुषले यो काम गर्न सक्दैनन् । आफ्नो जन्मघरको थर परित्याग गर्न सक्ने नारी, छोरीको परिचयबाट बुहारी, भाउजू अनि आमा हुँदै परिवर्तित हुन्छे एउटी नारी ।

आफ्नो सन्तानको लागि आकाश र धर्ती एक गर्छे नारी । अनि म कसरी मानु कि नारी कमजोर छ । श्रीमती मरेको १३ दिन पुग्ने बित्तिकै छोराको लागि अर्को केटी खोज्न थाल्छ यो मेरो समाजले । तर, त्यही छोरो मरे बिधुवा बस्नु पर्छ नारी भन्छ यै समाजले ।

समाज के नारी साँच्चै कमजोर हो त ? मेरो समाजले नारीलाई कमजोर मानेको छ, तर यै समाजलाई थाहा छ, नारी कमजोर छैनौं । नारी धेरै सहनशील तर पऱ्यो भने काली र दुर्गाको रुप लिन्छन् नारी । नारी आमा हो, एउटी आमा कहिल्यै पनि कमजोर हुन सक्दिनँ । नारी, तिमी कमजोर त पटक्कै छैनो, बस तिम्रो अघि लम्पसार परेका यै समाजका नीति-नियमका किल्लाहरू तिम्रा पाइलाहरू बाँधिदिएका छन् ।

तिमीलाई कठै भनेर बिचराको पात्र बनाएका छन् । तर, पनि के तिमी कमजोर छौं त ? पक्कै पनि नारी तिमी कमजोर छैनौं । एकपटक समाजको जन्जिर तोडे त हेर तिमी को हौं र ? के गर्न सक्छौं भन्ने कुरा तिमी आफैले थाहा पाउने छौं । नारी तिमी कमजोर छैनौं । घर सुन्दर बनाउने नारी हुन् । कुनै घरमा नारी छैनन् भने त्यो घर मसानघाट जस्तो लाग्छ । परिवार सुखी र सन्तति असल बनाउन नारीकै महत्वपूर्ण भूमिका रहन्छ । सन्तानलाई कस्तो बनाउने त्यो नारीकै हातमा हुन्छ ।

सुन्दर सपना बोकेर भोक तिर्खा नभनेर, आफू भोकै बसेर सन्तान र परिवारको पेट भर्ने नारी कसरी कमजोर ? परिवारको इज्जतको लागि कहिले दाइजो तराजुमा जोखिन्छिन् । कहिले मट्टीतेलमा दन्किन्छिन् त कहिले घरको दलीनमा झुण्डिन्छिन् । अनि उनै नारी कसरी कमजोर ? घर र माइती दुवै परिवारको बीचमा एउटा मजबुत पुल बनेर बलियो सम्बन्ध बनाउँछिन् तीनै नारी कसरी कमजोर ?

आफ्नो घर परिवार, समाज र देश नै सुन्दर र सफल बनाउने सपना बोक्छिन् नारी । तर, उनी कसरी कमजोर ? आमा बनेर सन्तानलाई अथाह माया गर्छिन् । श्रीमती बनेर असल साथी, सुख, दुःखको साथी मायालु जीवनसंगिनी बनेर पतिको सेवा गर्छिन् । उनै पतिका लागि व्रत बस्छिन् ।



**नारी हुन् ममता, दया र करूणा, सहिष्णुताकी घर नारीलाई हेला गऱ्यौं भने शान्ति कहाँ हुन्छ र साँच्चै संसार जित्ने हो भने छोरीलाई पठाइदेऊ बुबाआमा उनको हात समातिदेऊ प्रेमले सम्मान खोज्ने भए, नारी कमजोर छैनौ, कमजोर बनाइएको मात्रै हो ।**

उनैको हर सुखको लागि आफ्नो खुसी आफैभित्र मारेर श्रीमानको खुशीको लागि दिनरात लागि पर्छिन् भने तीनै नारी कसरी कमजोर ? बुहारी बनेर लोग्नेका बा-आमालाई आफ्ना कर्मदाता ठानेर सेवा गर्ने यिनै नारी हुन् । सहनशीलतालाई आफ्नो गहना ठान्ने र हरेक आपतविपद परे पनि संघर्ष गरेर जीवन चलाउन सक्ने नारी कसरी कमजोर ?

नारी हुन् ममता, दया र करुणा, सहिष्णुताकी घर नारीलाई हेला गऱ्यौं भने शान्ति कहाँ हुन्छ र साँच्चै संसार जित्ने हो भने छोरीलाई पठाइदेऊ बुबाआमा उनको हात समातिदेऊ प्रेमले सम्मान खोज्ने भए, नारी कमजोर छैनौ, कमजोर बनाइएको मात्रै हो ।

# गृहमन्त्रीसहित ६ मन्त्री पराजित


बालकृष्ण खाण
गृहमन्त्री


पम्फा भुसाल
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री


उमाकान्त चौधरी
खानेपानी मन्त्री


महेश्वरराज गहतराज
युवा तथा खेलकुद मन्त्री


जीवनराम श्रेष्ठ
पर्यटन तथा नागरिक उडड्यन मन्त्री


उमेश श्रेष्ठ
राज्यमन्त्री

**झापा, मंसीर १०।** प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ प्रधानमन्त्रीसहित वर्तमान सरकारका पाँच मन्त्री निर्वाचित भएका छन् ।

निर्वाचन आयोगबाट प्राप्त विवरण अनुसार हालसम्म छ जना मन्त्री पराजित भएका छ भने दुई मन्त्री उम्मेदवार बनेको स्थानमा मतगणना जारी छ ।

प्रधानमन्त्री शेरबहादुर देउवा डडेलधुरा क्षेत्र नं. १ बाट १२ हजार चार सय ३२ मतान्तसहित विजयी भएका छन् । उनले २५ हजार पाँच सय ३४ मत प्राप्त गरेका छन् । निकटम् प्रतिद्वन्द्वी स्वन्तन्त्र उम्मेदवार सागर ढकालले १२ हजार ४२ मत प्राप्त गरे ।

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवर अछाम निर्वाचन क्षेत्र नं. १ बाट १९ हजार पाँच सय ३४ मतसहित विजयी भए । उनले एमालेका झपट बोहोरालाई चार हजार चार सय ८९ मतान्तरले पराजित गरे । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू २८ हजार पाँच सय १५ मतसहित दार्चुला क्षेत्र नं. १ बाट विजयी भएका छन् । उनका निकटम् प्रतिद्वन्द्वी एमालेका गणेशसिंह ठगुन्नाले २६ हजार तीन सय ८१ मत प्राप्त गरे ।

अर्थमन्त्री जनार्दन शर्मा रुकुम पश्चिम क्षेत्र नं. १ बाट निर्वाचित भएका छन् । उनले ३९ हजार पाँच सय ४९ मत प्राप्त गरे । शहरी विकास मन्त्री मेटमणि चौधरी दाङ निर्वाचन क्षेत्र नं. १ बाट पाँच हजार ८३ मतान्तरसहित विजयी भएका छन् । उनले एमालेका शान्ता चौधरीलाई पराजित गरे । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल बागलुङ २ बाट २४ हजार सात सय ७९ मतसहित विजयी भएका छन् ।

गत आइतबार सम्पन्न निर्वाचनको प्रत्यक्षतर्फको मतगणना केही स्थानमा अझै जारी छ । परराष्ट्र मन्त्री डा. नारायण खड्काले उदयपुर क्षेत्र नं. १ मा १४ हजार दुई सय ४१ मतसहित अग्रता कायम गरिराखेका छन् । हालसम्म सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्की झिनो मतान्तरले पछाडि छन् ।

सुनसरी ४ बाट उम्मेदवार बनेका सञ्चारमन्त्री कार्की एक सय एक मतसहित पछाडि छन् । मन्त्री कार्कीले १९ हजार सात सय नौ मत प्राप्त गर्दा एमालेका जगदीशप्रसाद कुसियतले १९ हजार आठ सय १० मत प्राप्त गरेका छन् ।

यसपटकको निर्वाचनमा छ जना मन्त्रीले पराजय व्यहोर्नु परेको छ । रुपन्देही ३ बाट उम्मेदवार बनेका गृहमन्त्री बालकृष्ण खाण राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपक बोहोरासँग पराजित भएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, खानेपानी मन्त्री उमाकान्त चौधरी, युवा तथा खेलकुद मन्त्री महेश्वरराज गहतराज, संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री जीवनराम श्रेष्ठ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठ निर्वाचनमा पराजित भएका छन् ।

विश्व समाचार

## बन्द कन्टेनरमा २९ गाई मृत फेला

**झापा, मंसीर १०।** उत्तर प्रदेशको मथुरा जिल्लामा राष्ट्रिय राजमार्ग नजिकै बन्द कन्टेनरमा २९ गाई मृत फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीले अलपत्र परेको कन्टेनरमा २९ गाई मरेको र एउटा गाई भने जिउँदै फेला पारेको बताएको छ । उक्त कन्टेनरको चालक फरार रहेको मथुरा सर्कल अफिसर (सीओ) रिफाइनरी हर्षिता सिंहले बताए ।

'हामीलाई मथुरा जिल्लाको राष्ट्रिय राजमार्ग नजिकै एउटा बन्द कन्टेनर रोकिएको जानकारी प्राप्त भयो र त्यहाँ पुगेर हेर्दा २९ गाई मृत फेला परेका थिए भने एउटा गाई जिउँदै फेला परेको थियो । चालक भने फरार छन् । मुद्दा दर्ता गरिएको छ' -सिंहले भने ।

## टेस्लाले चीनबाट १३ हजार गाडी फिर्ता

**झापा, मंसीर १०।** विद्युतीय कार निर्माता कम्पनी टेस्लाले सिट बेल्टको सम्भावित सुरक्षा जोखिमका कारण चीनबाट १२,८६३ मोडल ३ का गाडी फिर्ता गर्न थालेको छ ।

फिर्ता गरिने सवारीसाधनमा गत १२ जनवरी २०१९ र २२ नोभेम्बर २०१९ बीच उत्पादन भएका २,७३६ आयातित सवारीसाधनहरू र अक्टोबरको बीचमा चीनमा उत्पादन भएका १०,१२७ समावेश छन् । फिर्ता लिइएका सवारीसाधनहरूमा बिक्री पछि मर्मत वा मर्मतसम्भार गर्दा दोस्रो पंक्तिको सिटको बीचको सुरक्षा बेल्ट अनुपयुक्त रूपमा पुनः स्थापना गरिएको बताइएको छ ।

सेवाकेन्द्रले सेफ्टी बेल्टहरू पुनः स्थापना गर्दा, बेल्ट बकलका केही निश्चित भागहरू जडान बोल्टहरूसँग फिक्स नगरिएको र सुरक्षा बेल्टले दुर्घटना नियन्त्रणमा निरोधक भूमिका खेल्न नसक्ने दाबी गरिएको छ ।

## तेह्रथुमबाट कांग्रेसकी सीता गुरुङ विजयी



**तेह्रथुम, मंसीर १०।** तेह्रथुमबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसकी उम्मेदवार सीता गुरुङ विजयी भएकी छन् ।

एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको तेह्रथुममा गुरूङले निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले)का विजय सुब्बालाई पराजित गरेकी हुन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार विजयी भएकी कांग्रेसकी गुरुङले १९ हजार सात सय दुई मत प्राप्त गरिन् । एमालेका उम्मेदवार सुब्बाले १८ हजार छ सय २३ मत प्राप्त गरे । दुबै जनाबीच एक हजार ७९ मतान्तर रहेको छ ।

यसअघि गुरुङ २०७४ सालको निर्वाचनमा स्वास्थ्यमन्त्री भवानीप्रसाद खापुङसँग दुई हजार २१ मतान्तरले पराजित भएका थिए । गुरुङ दोस्रो प्रयासमा विजयी भएकी हुन् । खापुङले भने यसपटक टिकट पाएनन् ।

एमाले उम्मेदवार सुब्बा २०४८ र २०५६ सालको निर्वाचनमा निर्वाचित भएका थिए । वि.सं. २०७४ सालको स्थानीय तह चुनावमा पाँच पालिका जितेको एमालेले गत वैशाखमा सम्पन्न पालिका चुनावमा भने तीन पालिका मात्रै जितेको छ । कुल ७१ हजार नौ सय ३३ मतदाता रहेका जिल्लामा ४१ हजार एक सय ८० जनाले मतदान गरेका थिए ।


**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**कर्मचारी आवश्यकता**

कार्यालय सञ्चालन र विस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला ।
पद : PRO
संख्या : ८ जना
तलब : १५,१००/-
समय : ११:०० देखि ५:०० बजेसम्म
योग्यता : +२ पास सो सरह ।
सम्पर्क :
**ग्रेट फ्युचर मार्ट**
बिर्तामोड-४, झापा, भद्रपुर बस स्टेण्ड
फोन नं. : ९८१४३९७३४०, ९८४२४४७१६०


## साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना

परियोजनाको कार्यालय, कनकाई न.पा.-१,जामुनवाडी, झापा

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशितभएको मिति : २०७९।०८।११** | **सिलबन्दी दरभाउपत्रको सूचना नं.** 01/SQ/G/NGP/VETMED/079/80

कनकाई नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा अभियान नेपालको सहजीकरणमा सञ्चालित 'साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना'मा आवश्यक भेटेनरी औषधीहरु खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थालाई यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| क्र.स. | वस्तु /सामग्रीको नाम | परिमाण | जमानत रकम रु. | सिलवन्दी दरभाउपत्रफारम दस्तुर | सिलवन्दी दरभाउ पत्रमान्य हुने अवधि | सिलवन्दी दर भाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलवन्दी दर भाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | सिलवन्दी दरभाउपत्र खोल्ने मिति र समय |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| १. | भेटेरीनरी औषधी | | ३५,०००/- | १,०००/- | सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ । | २०७९।०८।२५ कार्यालय समयभित्र | २०७९।०८।२६ गते दिनको १२.०० बजेसम्म | २०७९।०८।२६गते दिनको २.०० बजे |

१) सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य दरभाउपत्र दाताहरूले थप जानकारीको लागि साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१, जामुनवाडी,झापामा सम्पर्क राख्न सक्नेछन् ।

२) योग्य दरभाउपत्र दाताले मिति २०७९/०८/११ गते सूचना प्रकाशन गरेको मितिले १५ दिन (अर्थात २०७९/०८/२५ गतेको दिन कार्यालय समयभित्रमा रु. १,०००/-(फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र, नविकरण, पान/भ्याट दर्ता, आ.व. ०७८/०७९ को करचुक्तासहित लिखित निवेदन साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१, जामुनवाडी,झापामा पेश गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।

३) सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गरेको मितिबाट कम्तिमा १६औं दिन अर्थात् २०७९/०८/२६ गतेको दिनको १२:०० बजेभित्र साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१,जामुनवाडी,झापामा पेश गर्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र स्वीकार गरिने छैन ।

४) प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०७९/०८/२६ गते दिनको २:०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१,जामुनवाडी,झापामा खोलिने छ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ । दरभाउपत्रको साथ रु. ३५,०००र- अक्षरेपी: पैतिस हजार मात्र) दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा माछापुच्छ्रे बैंक लि. सुरुङ्गा शाखामा रहेको साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकाह परियोजनाको चल्ति खाता नं. १५००९९०६२२५०००१६ मा त्यस्तो रकम जम्मा गर्न सकिने छ र रकम जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५) दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

**दरभाउपत्र सम्बन्धी जानकारीका लागि**
**साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनाको कार्यालय**
**कनकाई नगरपालिका-१, जामुनवाडी,झापा,कार्यालयको सम्पर्क नं. : ९८१०२०१०५१**


**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई,** बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिंदैछ ।






यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आज तपाईलाई व्यापार व्यवसायमा मनग्गे फाइदाको योग छ, अन्यत्रबाट धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, तपाईको आज मन हर्षित हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, आज तपाईले बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सुख, धन, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्नाले मन हर्षित रहला ।